# संघीय संसद

प्रतिनिधि सभा

# शिक्षा तथा स्वास्थ्य समिति

(शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय)

मितिः– २०७७/०६/२७ गते मंगलवार ।

समयः– विहान ११:०० बजे ।

सघीय संसद शिक्षा तथा स्वास्थ्य समितिको सभापति माननीय जयपुरी घर्तीको सभापतित्वमा भिडियो कन्फेरन्स मार्फत बैठक बस्यो । समितिको माननीय सदस्यहरुसंग विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाईरस COVID-19 बाट नेपालमा हालैका दिनहरुमा विद्यार्थीहरुको पठन पाठन परिक्षाका सम्वन्धमा छलफल भयो । हालको परिस्थितिमा विद्यार्थीहरुलाई बैकल्पिक सिकाईको प्रभावकारिताका सम्वन्धमा छलफल गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाइ निम्न सुझाव दिने निर्णय भयो ।

१. बैकल्पिक सिकाइको प्रभावकारीतामा कमी भएको हुंदा आवश्यक अध्ययन टोलि बनाई छलफल गरी निर्णयमा जानु पर्ने ।

२. विद्यालय स्तरका पठन पाठन लगायत सवै जिम्मा स्थानिय तहको अधिकारभित्र पर्ने भएकोले त्यसको आर्थिक अनुदान वाहेक सवै स्थानीय तहलाई जिम्मा दिने ।

३. कोभिड १९ को अवस्थालाई हेरी वैकल्पीक सिकाईको ४/५ विधी मध्ये कुन प्रयोग गर्ने भन्ने स्थानिय सरकारको जिम्मा शिक्षा मन्त्रालयले दिई सकेपछि कतिपय कोभिड १९ को प्रभाव नपरेको स्थानिय तहले स्कूल खोल्ने निर्णय गर्ने सिडिओ ले रोक्ने गर्दा समस्या भएकोले शिक्षा मन्त्रालयले संघीय सरकारको सम्वन्धीत मन्त्रालयहरुसँग तुरुन्त समन्वय गरेर दोहोरो निर्णय र निर्देशनको अन्त्य गर्नु पर्ने ।

४. वैकल्पीक सिकाईको विधी प्रयोग गर्दा प्रविधिको निकै समस्या भएकोले प्रविधिको विस्तार र विकास गर्न ७५३ पालिका र सवै स्कूल, क्याम्पसमा विस्तार गर्नु पर्ने ।

५. स्थानिय सरकारले अनलाईन, सिटि, रेडियो, मोवाईल जस्ता प्रविधिको व्यवस्था गर्नु पर्ने ।

६. नीजी विद्यालयले बनाएको नयाँ पाठयक्रम अध्ययन गरी उपयुक्त भएमा उक्त पाठ्यक्रमको प्रयोग गर्नु पर्ने ।

७. मन्त्रालयले जनप्रतिनिधि, विज्ञ र स्थानीय तह लगायत आवश्यक पर्ने सरोकारवाला सँग राय सुभाव लिएर तिनै राय सुझावको आधारमा निर्देशिका बनाउंदा वढी वस्तुवादि हुने भएकोले आवश्यक संयन्त्रको व्यवस्था गर्नु पर्ने ।

८. प्रविधिको पहूंच र ज्ञानलाई शिक्षक, अभिभावक र विद्यार्थी सम्म पुऱ्याउनु पर्ने ।

९. निम्न वर्गको वालवालिकाहरुलाई विशेष निर्देशिका बनाई सहुलियत दिनु पर्ने ।

१० नीति, निर्णय र निर्देशिका बनाउंदा हाम्रो देशको सवै खालका विविधता र कोभिड १९ लाई समेत ध्यानमा राखी बनाउनु पर्ने ।

११ उच्च शिक्षाको वारेमा सरकारले पठन पाठन, परिक्षा देखि लिएर सवै व्यवस्थापनलाई कोभिड १९ को संक्रमणवाट सुरक्षित रहने गरी व्यवस्थित बनाएर लैजानु पर्ने ।

समितिको आजको बैठक अर्को सूचना भएपश्चात बस्नेगरी स्थगित भयो ।